शर्तहरुः

१) दरभाउपत्र पेश गर्दा दरभाउपत्र पेश गर्ने फर्म वा संघ संस्थाको फर्म दर्ता प्रमाणपत्र नविकरण गरेको स्थायी लेखा नं मु.अ.कर दर्ता प्रमाणपत्र कर चुक्ताको प्रतिलिपी सहित निवेदन दिई तोकिएको दस्तुर नगदै तिरे पछि फिर्ता नहुने गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन २०७७।०४।११ गते सम्म कार्यालय समय भित्र यस कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ ।

२) दरभाउपत्र १६ (सोह्रौं) दिन मिति २०७७।०४।१२ गते सोमबार मध्यान्ह १२ बजे भित्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ । दरभाउपत्र दाखिला गर्दा शिलबन्दी गरी कार्यालयको नाम ठेक्का नं र कामको नाम तथा दरभाउपत्र दाताको नाम ठेगाना स्पष्ट रुपमा खाम बाहिर उल्लेख गर्नुपर्नेछ । दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्य तत्पश्चात लगतै कार्यालय खुलेको दिनमा हुनेछ ।

३) दरभाउपत्र साथ आफुले कबोल गरेको जम्मा अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको **एभरेष्ट बैंक लिमिटेड बिरुवा शाखा ०६३००१०५२०००५० धरौटी** खातामा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नुपर्नेछ।

४) म्याद भित्र पेश हुन आएका दरभाउपत्र पेश गर्ने अन्तिम दिन मिति २०७७।०४।१२ गते अपरान्ह १ बजे पछि दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । म्याद नाघी आएको कार्यालयबाट बिक्री नभएको दरभाउपत्र फाराम भरी आएको दरभाउपत्र दाताको हस्ताक्षर एवं छाप नभएको प्रचलित कानुनको रित नपुगेको र शर्त राखी पेश भएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५) दरभाउपत्रमा आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

६) दरभाउपत्र स्वीकृत भएमा स्वीकृत भएको सूचना प्राप्त भएको मितिले बाटोको म्याद बाहेक ७ (सात) दिन भित्र आपुले कबोल गरेको अंकको ५० प्रतिशत रकम नगदै वा यस कार्यालयको एभरेष्ट बैंक लिमिटेड विरुवा शाखा स्थित **०६३००१०५२०००४७** खातामा जम्मा गरेको सक्कलै बैंक भौचर र बाँकी ५० प्रतिशत रकमको लागी कम्तिमा २०७८ श्रावण मसान्त सम्म म्याद भएको मान्यता प्राप्त बैंकबाट जारी भएको परफरमेन्स बण्ड पेश गरि ठेक्का कबुलियत गर्न आउनु पर्नेछ । तर सम्झौताको समयमा कवोल गरेको सम्पुर्ण रकम एकमुष्ठ बुझाउनेको हकमा बैंक जमानत आवश्यक पर्ने छैन । साथै कवोल अंकमा १० प्रतिशत छुट दिईनेछ । यसरी छुट दिदा न्युनतम अंक भन्दा कम गरिने छैन । सम्झौताको समयमा ५० प्रतिशत रकम बुझाउनेको हकमा कवोल अंकको ५० प्रतिशत किस्ता रकम र कवोल अंकको नियम अनुसार लाग्ने कर समेत चुक्ता गर्नुपर्नेछ । बाँकी ५० प्रतिशत मध्ये २५ प्रतिशतले हुने रकम दोस्रो किस्ता बापत २०७७ साल कार्तिक मसान्त सम्म र बाँकी तेस्रो किस्ता बापतको २५ प्रतिशत रकम २०७७ फाल्गुण मसान्त सम्म चुक्ता गरिसक्नु पर्नेछ । धरौटी बापत जम्मा भएको रकमलाई अन्तिम किस्तामा मिलाउन पाईनेछैन । म्याद भित्र कबुलियत गर्न नआएमा नियम अनुसार अर्को दरभाउपत्रदातालाई ठेक्का दिईनेछ ।

७) दरभाउपत्र दाताले दरभाउपत्र फाराममा उल्लेखित मालबस्तुमा तोकिएको दररेट अनुसार रकम उठाउनु पर्नेछ । सम्झौतामा उल्लेख नभएको माल बस्तु र तोकिएको दर भन्दा बढी दररेटमा रकम उठाएमा प्रचलित कानुन अनुसार कारबाही हुनेछ । कर उठाउन पाउने माल बस्तुको विवरण र दररेट दरभाउपत्र फाराम साथ उपलब्ध गराईनेछ । दरभाउपत्रदाताले करको दर स्पष्ट देखिने गरि सूचना पार्टीमा टाँस्नु पर्नेछ । ठेक्काको रकम उठाउने सम्बन्धमा आवश्यक प्रबन्ध गर्ने समेतको सम्पुर्ण दायित्व दरभाउपत्रदाताको नै हुनेछ । उक्त कारोबार गर्दा बालश्रमको प्रयोग गर्न पाईने छैन र मजदुरको हकमा जिल्ला दररेटमा कम नहुनेगरी ज्याला दिनु पर्नेछ ।

८) दरभाउपत्रदाताले गाउँपालिकाले तोकेको कर उठाउदा प्रयोग गर्ने रसिद आफ्नै तर्फबाट छपाई सो रसिद यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । उक्त रसिदमा स्थायी लेखा नं उल्लेख गर्नु पर्नेछ । साथै दररेट समेत रसिदमा नै उल्लेख गर्नु पर्नेछ  र कति परिमाणमा रसिद प्रयोग भयो सो को विवरण चौमासिक रुपमा यस कार्यालयमा बुझाउनु पर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा नियमनुसार कारबाही हुनेछ ।

९)  राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा तगारो राखी कर संकलन गर्न पाइनेछैन । सरकारी वा अन्य कुनै कर शुल्क दरभाउपत्र दाता आफैले व्यहोर्नु पर्नेछ ।

१०) सरकारी कार्यालयबाट गरिने अमानतका कार्यहरुका प्रयोग हुने सवारी साधनहरुमा गाउँपालिकाबाट  लेखिए बमोजिम दरभाउपत्र दाताले छुट दिनु पर्नेछ । साथै सरकारी कार्यालयका सेतो नम्बर प्लेट कुटनैतिक नियोगका नम्बर प्लेट संस्थानहरुका पहेलो नम्बर प्लेट पर्यटकका हरियो प्लेट  र निजी तथा सार्वजनिक स्कुलका सवारी साधनहरुमा उक्त शुल्क लिन पाइने छैन ।

११) बन्द हडताल विपत्ति वा कुनै पनि कारणले राजश्व उठाउन नपाएको भनी मिन्हाकोमाग दावी गर्न पाइनेछैन ।

१२) प्राप्त दरभाउपत्रहरु स्वीकृत गर्ने नगर्ने वा आंशिक रुपले स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१३) ठेक्का  अवधी समाप्त भएपछि धरौटी  फिर्ता लिन सम्बन्धित आन्तरिक राजश्व कार्यालयको कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ । आय कर तथा मुल्य अभिवृद्धिकर सम्बन्धमा प्रचलित आयकर ऐन तथा मु अ कर ऐन बमोजिम हुनेछ ।

१४) मु अ कर ऐन २०५२ को दफा १५(३) बमोजिम बोल अंकमा मुल्य अभिबृद्धि कर समेत जोडी असुल गरिनेछ ।

१५) माथि उल्लेखित शर्तहरुको उल्लघन गरेमा निज दरभाउपत्र धरौटी जफत गरी ठेक्का समेत तोड्न सकिनेछ ।

१६) यसमा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन नियमनानुसार हुनेछ । साथै नेपाल सरकार र यस गाउँपालिका समय समयमा गरिएका निर्देशनहरुको दरभाउपत्र पत्रदाताले पालना गर्नुपर्नेछ ।

१७) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालय/राजश्व शाखामा सम्पर्क गर्न सकिनेछ ।

कुलराज सुवेदी

**(प्रमुख प्रशासकीय अधिकृत)**

बिरुवा गाउँपालिका

प.स:०७६।०७७ **गाउँ कार्यपालिकाको बिरुवा कार्यालय**

च.न बिरुवा,स्याङ्जा गण्डकी प्रदेश

नेपाल

## दरभाउपत्र आव्हान सम्बन्धी सूचाना ।

**प्रथम पटक प्रकाशित मिति २०७७।०३।२८**

"**स्थानीय सरकार ऐन २०७४**" ले दिएको अधिकार प्रयोग गरी विरुवा गाउँपालिकाको मिति २०७७।०३।१० को सातौं गाउँ सभाको निर्णय अनुसार यस गाउँपालिकाको आ ब २०७७।०७८ को लागी निम्न शिर्षकमा सेवा शुल्क दस्तुर (ठेक्का बन्दोबस्त गर्ने) प्रयोजनका लागी यो सूचना प्रकाशित गरिएको छ । तोकिएको न्युनतम अंकमा नघट्ने गरी यस विरुवा गाउँपालिकाको Website www.biruwamun.gov.np मा उल्लेख गरे बमोजिमको शर्तहरुको अधिनमा रही धरौटी बापतको कबुल गरेको अंकको ५ (पाँच) प्रतिशत रकम यस कार्यालयको एभरेष्ट बैंक लिमिटेड विरुवा शाखाको धरौटी खाता नं **०६३००१०५२०००५०** मा जम्मा गरी सक्कल भौचरका साथ यो सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिनमा कार्यालय समय भित्र दरभाउ पत्र फाराम खरिद गरी सो को भोली पल्ट १६ (सोह्रौं) औं दिनको १२.०० बजे भित्र रितपूर्वक शिलबन्दी दरभाउ पेश गर्नुहुन यो सूचना प्रकाशित गरिन्छ ।

| क्र सं | सूचना नं | ठेक्काको नाम | आ ब २०७७।०७८ को लागी न्युनतम | दरभाउपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १. | २ | राङखोला विरुवा | ५,११,५००। (अक्षरुपी पाँच लाख | १०००।(एक हजार मात्र) | सडक उपयोग |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ग्रामिण<br>सडक | एघार हजार पाँच<br>सय मात्र) | | |

कुलराज सुवेदी

**प्रमुख प्रशासकीय अधिकृत**